**“समृध्द बैजनाथ हाम्रो अभियान जनताको मुहारमा मुस्कान”**

# बैजनाथ गाउँपालिका

बनकटवा, बाँके

५ नं. प्रदेश, नेपाल

गाउँसभा

२०७६ बाट पारित

आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम

बैजनाथ गाउंपालिका

आ.व .२०७६/७७ को गा.पा .अध्यक्ष

मान बहादुर रुचाल ठकुरीद्वारा मिति २०७६ असार ६ गते

प्रस्तुत नीति तथा कार्यक्रम

सभाका अध्यक्षज्यु

सभासद्ज्युहरु,

सर्वप्रथम नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउन का लागि शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु | नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ को परिधि भित्र रही बैजनाथ गा.पा.को आ.व .२०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु |

गाउँपालिका लाई प्राप्त हुने संघिय सरकार, प्रदेश सरकारको समानीकरण अनुदान, राजश्व बाँडफाड प्राप्त हुने रकम र गाउँपालिकाको आन्तरिक आयको प्रक्षेपण गरि हुन आउने निश्चित श्रोत र साधनको न्यायोचित वितरण ,समावेशी र सहभागितामुलक श्रोत परिचालन गर्ने गरि आ.व .२०७६/७७ को नीति तथा कार्यक्रम ल्याएको छु |

क) सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गर्नका लागि ढिला सुस्ती र अनियमितता अन्त गर्न शुन्य सहनशीलता को नीति अवलम्बन गरि सुचनाको हक सम्बन्धि कानुनको पूर्ण सम्मान गर्दै जनमैत्री प्रशासन संचालन गरिनेछ | समय समयमा खर्च सार्वजनिक गर्ने तथा सार्वजनिक सुनुवाई लाई प्रभावकारी बनाइनेछ | कार्य सम्पादनका आधारमा कर्मचारी लाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरीनेछ | आवश्यक पर्ने कर्मचारीहरुको भर्ना करारमा लिन प्रचलित ऐन, नियम र कानुन अनुसार गरिनेछ |

ख) संविधान प्रदत्त मौलिक हक, आवास, आधारभुत शिक्षा, स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई जस्ता अत्यन्त महत्वपुर्ण दैनिक जीवन र मानव स्वास्थ्य संग गाँसीएका हकहरुका सम्बन्धमा प्रत्याभूत हुने गरि कार्यक्रमहरु संचालन गरिनेछन् |

ग) सामाजिक समावेशीताका लागि विभिन्न लक्षित समुदायका महिला, बालबालिका, युवा, दलित, अपाङ्गता, आदिवासी, जनजाति, लोपोन्मुख जाति, अल्पसंख्यक, जेष्ठ नागरिक सम्बन्धि विशेष कार्यक्रम अगाडी बढाइनेछ |

घ) कृषि, पशुपालन, पर्यटन, घरेलु तथा साना उद्योग र सहकारी मार्फत आर्थिक समृद्धिको लागि ढोका खोलिने भएकोले सो सम्बन्धि उद्यमशिलता, लगानीमैत्री वातावरण तयार गर्दै स्वरोजगार बनाउदै बेरोजगारको समस्यालाई समाधान गरिनेछ |

ङ) राष्ट्रिय गौरबको आयोजना नौबस्ता औद्योगिक क्षेत्रलाइ शिघ्र संचालनमा ल्याउन प्रदेश तथा संघ सरकार संग विशेष पहल गरिनेछ र योग्यता र दक्षताका आधारमा स्थानीय-बासीको रोजगारको ग्यारेन्टी गरिनेछ | औधोगिक क्षेत्र भित्र पर्ने घरधुरीहरुको सकेसम्म त्यहि स्थानमा उचित व्यवस्थापन गर्न प्रदेश र संघ संग स्थानीय तहद्वारा पहल गरिनेछ |

च) पूर्वाधार निर्माणका तर्फ १२ महिना आवागमन गर्नका लागि सबै बाटाहरु ग्रावेल गर्ने, एक वडाबाट अर्को वडा जोडिने, सडकहरुको स्तरोन्नति गर्दै क्रमश: पिच गर्दै लगिनेछ | पानी निकासको लागि ह्युम पाइप, कल्भर्ट र साना पुल निर्माण गरिनेछन् | आवश्यकता अनुसार झोलुंगे पुल, ट्रष पुल, कजवे र ठुला पुल निर्माण गर्न आवश्यक पहल गरिनेछ | मर्मत सम्भार गर्नका लागि वडाहरुमा नै मर्मत सम्भार कोष को व्यवस्था गरिनेछ |

छ) विद्युत थप लाइन बिस्तार गर्न क्षमता वृद्धि गर्न र व्यवस्थित गर्न विद्युत प्राधिकरणसंग समन्वय र सहकार्य गरिनेछ |

ज) कतिपय विकास आयोजना तथा कार्यक्रमलाई सरकारी, नीजि तथा गैरसरकारी संस्थाहरुसंग साझेदारीमा संचालन गर्न प्रयास गरिनेछ |

झ) नागरिक सहायता कक्षलाइ निरन्तरता दिइनेछ कर्मचारी र जनप्रतिनिधिको क्षमता अभिवृद्धिको लागि तालिममा विशेष जोड दिइनेछ सो कार्यको गैरसरकारी संघ-संस्थासंगको सहकार्यमा अघि बढाइनेछ |

ञ) विपद प्रतिकार्य योजना निर्माण गरिनेछ विपद सम्बन्धि एक कोषको व्यवस्था गरिनेछ | NCDR ताईवान र कोहलपुर नगरपालिका / बैजनाथ गाउँपालिका संग भएको

सम्झौता अनुसार पुर्वअनुमान प्रकोप सम्बन्धि सेन्सर जडान गरिनेछ | अनुभव ज्ञान, शिप र प्रविधि को आदान प्रदान गरिने व्यवस्था मिलाईनेछ | प्रकोपमा परेका अति विपन्न गरिब परिवारका लागि अन्तराष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्थाहरुसंगको सहयोगमा आवास निर्माण साझेदारीमा गरिनेछ | भुक्षय नदि नियन्त्रण रोक्न वृक्षारोपण कार्य अघी बढाइनेछ, सार्वजनिक स्थलहरुमा वृक्षारोपण गर्नका लागि अनिवार्य बनाइनेछ |

ट) संयुक्त रूपमा आयोजना वा कार्यक्रम संचालन गर्ने एक समपुरक कोषको व्यवस्था गरिनेछ |

ठ) न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाउन सबै वडामा मेलमिलाप केन्द्रको स्थापना गरिनेछ |

## पूर्वाधार विकास

- पालिकास्तरीय गौरवका आयोजनाहरु संचालन गरिनेछन, वडा स्तरीय, गाउँपालिका स्तरीय, प्रदेश स्तरीय, संघीय स्तरीय आयोजनाहरुको वर्गीकरण गरि सोहि अनुसार गर्न र माग गरिनेछ |
- वडाबाट प्रस्तावित हुने आयोजनाको न्युनतम अंक र आयोजना संख्या अधिकतम तोकिनेछ |
- घर निर्माण आचार संहिता २०७२ लाइ पूर्ण रूपमा पालना गर्ने नीति अवलम्बन गरिनेछ
- सडक, बिजुली खानेपानी संचार भवन निर्माण जस्ता पूर्वाधार निश्चित मापदनका आधारमा संरचना निर्माण गर्ने गरि परिपाटीको व्यवस्था गरिनेछ |
- सडकहरु बाह्रै महिना सुचारु गर्नका लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ |
- प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत श्रममा आधारित पूर्वाधार योजना कम्तिमा पनि वडामा एउटा संचालन गरि रोजगारी प्रदान गरिनेछ |

## कृषि

- कृषि सडक, सिचाई विस्तार, व्यावसायिक कृषि तालिम, प्राविधिक सहयोगका क्षेत्रमा लगानी बढाइनेछ, कृषि पेशा लाई यान्त्रिकरण गर्दै मर्यादित र आकर्षक पेशाको रूपमा विकास गरिनेछ |
- एक वडा एक पकेट क्षेत्र घोषणा गरिनेछ |
- मल, विउ, सिचाई, प्रविधि र कृषि उत्पादनको बजारको सहकारी मार्फत व्यवस्थापन गरिनेछ |
- अर्गेनिक तरकारी खेति प्रवर्धन र विकासमा जोड दिइनेछ |
- घर बगैचा स्वास्थ्य र वातावरण सुधारका लागि कागती तथा फलफूलका बिरुवा रोप्नुका साथै बाह्रै महिना ताजा तरकारी उत्पादनमा बिशेष जोड दिइनेछ |
- शित भण्डारका लागि आवश्यक पहल गरिनेछ |

**पशु**

- माशु दुध अण्डामा आत्मनिर्भर बनाउनका लागि उन्नत जात का पशुपन्छी हरुको उत्पादन र वितरण प्रवर्धन गर्न कार्यक्रम संचालन गरिनेछन | पशुपन्छी बिमा सेवा कार्यक्रम संचालन गरिनेछन |
- दुग्ध संकलन केन्द्र संचालन गर्न अनुदानको व्यवस्था मिलाइनेछ |
- महामारी विरुद्ध भ्याक्सिन, परजीवी नियन्त्रण कार्यक्रम प्रभावकारी ढंगबाट संचालन गरिनेछन् |
- पशु आहाराको लागि भुइँ घास, डाले घासको बिउं खेतबारी तथा खालि जग्गामा रोप्नलाइ अभियान संचालन गरिनेछ |
- उत्पादित वस्तु बजारीकरणको लागि सहकारी मार्फत बिक्रि र खरीद गर्ने व्यवस्था मिलाइनेछ |
- छाडा पशुको उचित व्यवस्थापन र सदुपयोग कार्यक्रम ल्याइनेछ |

**पर्यटन**

- पर्यटन प्रवर्धनका लागि विशेष कार्यक्रम ल्याइनेछ |
- बाँके / बर्दिया राष्ट्रिय निकुन्ज बफरजोनमा रहेको सय गन्तब्यमा एक गाभर भ्याली पर्यटन प्रवर्धन गर्नका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ | मानसरोबरको प्रतीकात्मक स्तम्भ र बोटानिकल गार्डन बैजनाथ-६ न्यु हरियाली भियुटावर, पुष्पलाल स्मृति बाटिका, चिल्ड्रेन पार्कको निर्माण, संरक्षण र सम्बर्धन गर्दै लगिनेछ |

**घरेलु तथा साना उद्योग**

- घरेलु तथा साना उद्योग संचालन गर्न चाहने हरुलाई विशेष प्रोत्साहित गरिनेछ |
- १० जना भन्दा माथि रोजगार दिने उद्योग संग गाउंपालिकाले MOE साझेदारी पत्र तयार गरि लगानी मैत्री वातावरण तयार गरिनेछ |
- नौबस्ता औद्योगिक क्षेत्र निर्माणका लागि बस्तिको उचित व्यवस्थापन गर्दै उक्त औद्योगिक क्षेत्रलाइ संचालन गर्न प्रदेश र संघीय सरकारसंग आग्रह गरिनेछ |

**सहकारी**

- सहकारी संस्थाहरु सहकारीको मर्म र भावना अनुसार संचालन गर्न लगाई त्यसको प्रभावकारी अनुगमन गरिनेछ | सामुहिक उत्पादन मल, बिउं, प्रविधि, कृषि उपकरण, तरकारी संकलन केन्द्र, खसी बोका संकलन केन्द्र, कृषि हाटबजारका लागि सहकारी मार्फत कार्यक्रम अघि बढाईनेछ |

**सामाजिक समावेशीकरण**

- महिला, बालबालिका, अपांग, दलित, आदिवासी, जनजाती, लोपोन्मुख, जेष्ठ नागरिक, युवा शसक्तिकरण गर्न, संरक्षण सम्वर्धन गर्न, अवसर प्रदान गर्न,

सामाजिक समावेसीता गर्न वस्तीस्तर बाट आएका मांगका आधारमा कार्यक्रम संचालन गरिनेछ |

**बालबालिका**

- वालवालिकाको चौतर्फी विकास गर्नका लागि गाउँपालिकालाई बालमैत्री बनाउनतर्फ अघि बढिनेछ |
- बालभेलाबाट भएका कार्यक्रमहरु प्राथमिकताकासाथ संचालन गरिनेछ |

**महिला**

- आमा-बच्चाको स्वास्थ्यलाई ख्याल राख्दै आमा सुरक्षाको लागि स्वास्थ्य संस्था वा प्रसुती गृह सम्म जाँदा लाग्ने एम्बुलेन्सको भाडा नि:शुल्क बनाइनेछ |
- महिला स्वा. स्वयम सेविकाहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ र स्वा. विमा गा.पा.मा गरिनेछ |
- आम आर्जन, शिप विकास, क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम संचालन गारिनेछ |
- सम्पत्तीमा दम्पत्तिको समान अधिकार सुनिश्चितताका लागि संयुक्त पुंजी बनाउदा शिफारिसमा लाग्ने करमा छुट दिइनेछ |
- लैंगिक हिँसा, मानव वेचविखन, विभेद र असमानता विरुद्धको जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ |

**अपाङ्गता**

- अब बन्ने सबै संरचनाहरु अपांग, बालबालिका र महिला मैत्री बनाइनेछ |
- अपांग भएका व्यक्तिहरुको शिप, क्षमता विकास गरि उद्यमशिलता बन्न प्रोत्साहित गरिनेछ |
- सहायक सामग्री मर्मत, निर्माण गरि वितरणको व्यवस्था मिलाइनेछ |

- अपाङ्गता पहिचान, वार्गीकरण तथा सुविधा र सहयोगका लागि पालिका स्तरको समितिद्वारा कार्यविधि बनाई लागु गरिनेछ |

**दलित**

- परम्परागत पेशाहरुलाई आधुनिकिकरण गरि रुपान्तरण गरिनेछ |
- दलित बालबालिकालाई नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ |

**आदीवासी जनजाती**

- जातीय परम्परामा रहेका भाषा, भेषभूसा, संस्कृतिको जगेर्ना गरिनेछ र जातीय परम्परा झल्किने स्थानीय स्तरमा रहेका घरेलु उत्पादित सामग्रीहरुको प्रवर्धन गर्न शिप विकास तालिम संचालन गरिनेछ |

**लोपोन्मुख जाती/अल्पसंख्यक**

- आय आर्जन र जीवन उपयोगी शिप जस्ता कार्यक्रम चलाइनेछ |

**जेष्ठ नागरिक**

- जेष्ठ नागरिकलाई सम्मान गर्नुका साथै स्वास्थ्य शिविर संचालन गरिनेछ |
- सेवा प्रवाहमा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिइनेछ |

**युवा**

- वैदेशिक रोजगारलाई निरुत्साहित गर्दै स्वदेशमै स्वरोजगार बनाउन सिपमुलक आयआर्जन व्यवसायीक तालिम दिइनेछ |
- स्वास्थ्य र अनुशासित नागरिक खेलाडी उत्पादन गर्न खेलकुद लाई विशेष ध्यान दिइनेछ |

- विकृति, विसंगति, लागु औषध तथा दुर्व्यसनी सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ |
- खेलमैदानको संरक्षण संबर्धन र निर्माणका लागि कार्यक्रम ल्याइनेछ |

**खानेपानी तथा सरसफाई**

- सबै वडामा स्वास्थ्य केन्द्र विस्तार गर्न पहल गरिनेछ |
- पूर्ण सरसफाईको कार्यक्रम अघि बढाईनेछ |
- स्वच्छ र सफा खानेपानी लागि निर्माण भएका खानेपानी आयोजनाको लागि संचालनमा ल्याउन विशेष पहल गरिनेछ |
- स्वच्छ र सफा गाउँ बनाउनका लागि अभियान संचालन गरिनेछ |

**धर्म संस्कृति**

-सबै धर्म र संस्कृतिको संरक्षण र संवर्धन गरिनेछ |

**शिक्षा**

- आधारभूत तहको शिक्षा नि:शुल्क र अनिवार्य बनाइनेछ |
- आधारभूत तहमा विद्यार्थी शिक्षक आनुपातमा मापदण्डलाई शिक्षक अनुदान को व्यवस्था र विद्यालय संचालन र व्यवस्थापनका लागि विद्यार्थी अनुपातमा रकम उपलब्ध गराईनेछ |
- पालिका स्तरीय अतिरिक्त क्रियाकालाप, तहगत खेलकुद प्रतियोगिता, तहगत उत्कृष्ट विद्यार्थी, विषयगत शिक्षक उत्कृष्ट, संचालन एवं पुरुस्कृत गरिनेछ |
- एक वडा एक विद्यालयमा प्रशिक्षण बापत टकिंग टिचर प्रविधि लागु गरिनेछ |
- मा.वि.तह संचालनका सहयोगका लागि दरवन्दी नभएका विद्यालयहरुको शिक्षक अनुदान उपलब्ध गराईनेछ |
- प्राविधिक शिक्षालयमा थप विषयको अध्ययन अध्यापनको व्यवस्था मिलाइनेछ |
- व्यावसायिक धारको विद्यालय संचालनका लागि पहल गरिनेछ |

- शुभप्रभात बहुमुखी क्याम्पसको सम्बन्धनका लागि विशेष पहल गर्दै भौतिक संरचना तयार गरिनेछ |

**वातावरण तथा विपद**

- विपद व्यवस्थापन कोषको व्यवस्था गरिनेछ |
- गैर सरकारी संघ संगको साझेदारीमा सेन्सर बोर्ड (विपद अग्रीम सूचना प्रणाली ) जडान गरिनेछ |
- विपद व्यवस्थापन सम्बन्धि तालिम तथा अनुभव आदान प्रदानका लागि सम्बन्ध विस्तार गरिनेछ |
- प्रतिकार्य योजना तयार गरि अग्रिम तयारी सामग्री खरिद गरि भण्डारण गरिनेछ |
- सार्वजनिक स्थलहरुमा व्रिक्षारोपणका लागि अनिवार्य विरुवा उत्पादन गरिनेछ |
- नदि नियन्त्रण र भू-क्षयका लागि कार्यक्रम ल्याइनेछ, प्रदेश र संघ संग पहल गरिनेछ

**सार्वजनिक सेवा तथा क्षमता विकास**

- पालिका तथा वडाबाट सेवा प्रवाह् भैरहेको हेल्पडेस्कलाई निरन्तरता दिइनेछ |
- जन-प्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिमको साथै उचित पुरुसकारको व्यवस्था गरिनेछ |
- सूचना मैत्री गाउँपालिका बनाउन प्रयत्न गरिनेछ |
- संस्थागत क्षमता अभिवृद्धि गरिनेछ |
- नागरिकलाई मुस्कान सहितको सेवा प्रदान गरिनेछ |
- नागरिकबाट प्राप्त गुनासोको समयमै सम्बोधन गरिनेछ |

**वियेयन तथा वित्तीय अनुशासन**

- नभईनहुने ऐन, कानुन, कार्यविधि तत्काल गाउँ सभामा पेश गरिनेछ |
- माहालेखाबाट सुझावका रूपमा पेश गरिएका सुझाव, असुल उपर र नियमित गर्नुपर्ने सबै कुरा आर्थिक ऐन बमोजिम गरिनेछ |

- अर्धवार्षिक रूपमा सार्वजनिक सुनुवाई गरिनेछन |
- राजश्व संकलन / व्यवस्था गर्न विध्युतिया सफ्टवेयरको प्रयोग गरिनेछ |
- पालिकाबाट हुने आर्थिक कारोबारलाई व्यवस्थित बनाउन थप प्रयास गरिनेछ |

मान बहादुर रुचाल ठकुरी

अध्यक्ष, बैजनाथ गाउँपालिका

धन्यवाद